Ref. N-46/15-17

गैरआवासीय नेपाली संघ र ओलम्पिक कमिटिवीच सम्झौता

काठमाण्डौ । गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल ओलम्पिक कमिटि (एनओसी) वीच खेल क्रियाकलाप प्रर्बद्धन गर्न आपसी सहकार्य गर्ने सम्झौता भएको छ ।

ओलम्पिक कमिटिको कार्यालय सातदोबाटोमा आइतबार एनआरएन अध्यक्ष शेष घले र ओलम्पिक कमिटि अध्यक्ष जीवनराम श्रेष्ठवीच सम्झौतामा हस्ताक्षर भयो ।

सम्झौतापश्चात बिदेशमा बस्ने नेपाली पासपोर्टधारी गैरआवासीय नेपालीहरुलाई नेपालको राष्ट्रिय टीमबाट अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन बाटो खुलेको छ ।




यसअघि केही दोस्रो पुस्ताका प्रतिभाशाली खेलाडीको प्रतिनिधित्वका बिषयमा बिबाद देखिएपछि गैरआवासीय नेपाली संघले नेपाली पासपोर्टधारी त्यस्ता खेलाडीलाई राष्ट्रिय टोलीमा सहभागिता सुनिश्चित गर्न पहल गरेको थियो ।

'यो सम्झौतापछि अब नेपाली पासपोर्टधारी एनआरएनहरु जो बिदेशमा जन्मिएका र हुर्किएका छन्, उनीहरुले नेपालको राष्ट्रिय टीममा सहभागीता जनाई नेपाल र नेपालीको प्रतिनिधित्व गर्न पाउनेछन् ।' अध्यक्ष घलेले भन्नुभयो-'यसले खेलमार्फत नेपालसंग जोडिइरहन चाहाने एनआरएन र बिदेशमै हुर्किएका दोस्रो पुस्ताका नेपालीलाई नेपालसंगको भावनात्मक सम्बन्ध स्थापित गर्न निकै ठूलो सहयोग पुग्ने मैले बिश्वास लिएको छु ।'

सम्झौतासंगै ओलम्पिक कमिटिले आयोजना गर्ने सवै कार्यक्रममा गैरआवासीय नेपाली संघलाई अफिसियल पार्टनरका रुपमा सहभागी गराउने छ । यसैगरी गैरआवासीय नेपाली संघका अध्यक्षलाई ओलम्पिक कमिटिको मानार्थ सदस्य र संघले मनोनय गरेका अर्का एक खेलकुदसंग सम्बन्धित एनआरएनलाई सदस्य मनोनित गरिने छ ।

यसैगरी गैरआवासीय नेपाली दिवसका अबसरमा हरेक बर्ष अक्टुबर ११ मा ओलम्पिक कमिटिसंगको साझेदारीमा खेल कार्यक्रमको आयोजना गरिने छ ।

एनआरएनले नेपालका छानिएका प्रतिभाशाली खेलाडीलाई एशियन, साउथ एशियन र ओलम्पिक खेलका लागि छात्रवृत्ति उपलब्ध गराउने छ । एनआरएनको सहयोगमा उनीहरुले बिभिन्न अन्तराष्ट्रिय ख्यातीप्राप्त तालिम केन्द्रहरुमा तालिमको अबसर पाउनेछन् भने उनीहरुलाई बन्दोबस्तीको व्यबस्थासमेत गैरआवासीय नेपाली संघले नै गर्ने छ ।




यसैगरी एनआरएनले नेपालमा खेलकुद पूर्वाधार निर्माणका लागि बिभिन्न अन्तराष्ट्रिय संघसंस्थासंग समन्वय गर्ने छ । संघले ओलम्पिक, एशियन र साउथ एशियन गेममा सहभागी हुने खेलाडीलाई खेलजन्य सामाग्रीसमेत सहयोग गर्ने छ ।
खेलाडी आदानप्रदान कार्यक्रम अर्न्तगत बिभिन्न अन्तराष्ट्रिय संस्थासंग समन्वय गरी नेपाली खेलाडीलाई बिदेशमा तालिम तथा अभ्यासको अबसरसमेत एनआरएनले प्रदान गर्ने छ ।

'यो सम्झौताले गैरआवासीय नेपालीहरुलाई अन्तराष्ट्रिय जगतमा प्रतिनिधित्वको ढोका खोल्नुका साथै नेपालमा खेलको स्तर सुधारका लागि र भौतिक सुविधा थप गर्नका लागि समेत नयाँ अबसर सिर्जना गरेको छ' अध्यक्ष घलेले भन्नुभयो ।

हस्ताक्षर कार्यक्रममा नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले खेल क्षेत्रको विकाशका लागि गैरआवासीय नेपाली संघले देखाएको अग्रसरताको तारिफ गर्नुभयो । गैरआवासीय नेपालीहरुले नेपालको आर्थिक सम्बृद्धिमा योगदान दिइरहेको भन्दै उहाँले अब खेल क्षेत्रमा पनि गैरआवासीय नेपाली संघको योगदान उल्लेख्य हुने बिश्वास ब्यक्त गर्नुभयो ।

रञ्जु थापा वाग्ले
प्रवक्ता
गैरआवासीय नेपाली संघ
मितिः २९ नोभेम्बर, २०१५

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np